# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. २०७९।०८०
च.नं. १५८

मिति : २०७९।०४।२६

विषयः विवरण संकलन तथा दर्ता सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
सबैला नगरपालिका, धनुषा ।

प्रस्तुत विषयमा सबैला नगरपालिका भित्रका वडाहरुमा विरामी भई उपचार गराईरहेका मृगौंला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई मासिक रु.५०००।०० (अक्षरेपी पाँच हजार रुपैया मात्र) औषधि उपचार वापत पाउने खर्चको लागि सम्बन्धित वडा कार्यालयले आ-आफ्नो वडामा माथि उल्लेखित विरामीहरुको सम्पूर्ण विवरण "विरामीलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि- २०७८ वमोजिम तपसिलका विवरण १५ दिनभित्र संकलन तथा दर्ता तथा सुचित गर्न गराउनुहुन उक्त कार्यविधि अनुसार अनुरोध छ ।

तपसिलः

१) अनुसूची १ वमोजिम ।
- क. उपचाररत रहेको अस्पतालको विरामी पुर्जाको प्रतिलिपी १ प्रति
- ख. चिकित्सकले दीर्घ रोग प्रमाणित सिफारिस पत्र (सक्कल) १ प्रति
- ग. विपन्न प्रमाण पत्र वा सिफारिस पत्र १ प्रति
- घ. लाभग्राही (विरामी) को बैंक खाता नम्बर
- ङ. राष्ट्रिय परिचयपत्र/नागरिकता वा जन्मदर्ता (नाबालकको हकमा)को प्रतिलिपी १ प्रति
- च. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता परिचयपत्र (रातो वा निलो) को प्रतिलिपी १ प्रति
- च. पासपोर्ट साईजको फोटो ४ प्रति

२) अनुसूचि २ वमोजिम निवेदन

३) अनुसूचि ४ वमोजिम फारम भरी वडा कार्यालयमा अभिलेख राखी नगरपालिका कार्यालयमा मासिक रुपमा विवरण पेश गर्नुहुन ।

नोट : १) औषधि उपचार वापत खर्च त्रैमासिक रुपमा विरामीको बैंक खातामा भुक्तानी हुने समेत जानकारी गरिन्छ ।

२) यस कार्यक्रमका लागि माथि उल्लेखित दिर्घरोगीहरुले नेपाल सरकारबाट कुनै किसिमको सामाजिक सुरक्षा भत्ता/पेन्सन पाउने भएमा निजले दोहोरो सुविधा पाउने छैन ।

बोधार्थः
श्री स्वास्थ्य संस्थाहरु सबै, सबैला नगरपालिका : आवश्यक सहजीकरण गर्नुहुन ।
श्री सूचना प्रविधि शाखा : वेवसाईटमा अपलोड गर्नुहुन ।

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क: नगर प्रमुख ९८४४१०१८३८, उपप्रमुख ९८६२५९८१३५ प्रमुख प्रशासकीय अधिकृत ९८५४०६२१११
email: sabailamun@gmail.com, web: www.sabailamun.gov.np

Scanned By Camera Scanner